# सिद्धार्थ इन्स्योरेन्स लिमिटेड

**केन्द्रीय कार्यालयः** सिद्धार्थ इन्स्योरेन्स भवन, चौथो तल्ला, बबरमहल (हनुमानस्थान)
पोष्ट बक्स नं. २४८७६, काठमाडौं, नेपाल
फोन नं. ४२५७७६६, ४२५६१९०, ४२५४५४७, फ्याक्स: ९७७-१-४२५७७७६
E-mail: info@siddharthainsurance.com, Web: www.siddharthainsurance.com

# गार्हस्थ बीमालेख

बीमितले यसै बीमालेखको करारको एक अंग बीमा प्रस्ताव फाराम सहित यसको लागि लाग्ने बीमाशुल्क भुक्तानी गरी गार्हस्थ बीमा गरिदिन अनुरोध गरेको हुँदा **सिद्धार्थ इन्स्योरेन्स लिमिटेड** (यसपछि "कम्पनी" भनिएको) ले अनुसूचीमा उल्लिखित भवन वा सम्पत्तिको हानि-नोक्सानी भएमा बीमालेखमा उल्लेख भए बमोजिम पुनर्निर्माण गरिदिने वा क्षतिपूर्ति रकम यकिन गरी भुक्तान गर्नेछ ।
बीमा अवधिको हकमा कम्पनीले नवीकरण शुल्क स्वीकार गरेको अवस्थामा नवीकरण अवधिलाई पनि बीमा अवधि मानिने छ ।

## खण्ड १ – भवन

### सुरक्षाः

देहायका कारण (अनुसूचीमा निषेध गरिएकोमा बाहेक) बाट यस बीमालेखको अनुसूचीमा उल्लेख गरिएको भवनको क्षति भएमा कम्पनीले सोको क्षतिपूर्ति दिनेछ ।

(१) अग्नि, गार्हस्थ प्रयोगमा आउने उपकरणबाट भएको बिष्फोटन, चट्याङ्ग, भूईचालो

(२) आँधिबेहरी

(३) बाढी तथा जलमग्न

(४) जमीन भासिने जस्ता कारण तथा पैह्रो

(५) हवाई जहाज वा अन्य वायवीय साधन वा सोबाट खसेको सामान

(६) सेंधमारी वा सोको प्रयास (लगातार ३० दिनभन्दा बढी घर निवासरहितको अवस्थामा बाहेक)

(७) सवारी साधन वा जनावरको कारणबाट हुने संघात ।

### परिभाषाः

**भवनः** अनुसूचीमा उल्लेख भएको निजी आवास तथा सोमा स्थायी रूपले जडान भएका सामानहरू जस्तैः झ्यालका ऐनाहरू, विद्युतीय उपकरणहरू तथा स्यानिटरी जडानहरू ।

निवासरहित भन्नाले बीमितले वा उसको परिवारको सदस्य जो उसंग स्थायी रूपमा बस्दछ वा बीमितको अनुमति लिएर बस्ने कुनै व्यक्तिले पनि बास नगरेको ।

### शर्तः

१) भवनको बीमाङ्क रकम उक्त भवन हानि-नोक्सानी हुनु पूर्वको अवस्था र आकारमा खडा गर्दा लाग्ने पूरा लागतभन्दा कम हुनु हुँदैन ।

२) **न्यून बीमाङ्क अनुच्छेदः** भवनको बीमांक रकम पुनर्निर्माण गर्दा लाग्ने रकमभन्दा कम भएको पाइएमा क्षतिपूर्तिको रकम पनि सोही अनुपातमा घटाई समानुपातिक रूपमा भुक्तानी गरिनेछ ।

## खण्ड २ – भवनमा भएका मालसामान

सुरक्षाः

देहायका कारण (अनुसूचीमा निषेध गरेकोमा बाहेक) बाट यस बीमालेखको अनुसूचीमा उल्लेख गरेको मालसामानको हानि-नोक्सानी भएमा कम्पनीले सोको क्षतिपूर्ति दिनेछ ।

(१) अग्नि, गार्हस्थ प्रयोगमा आउने उपकरणबाट भएको बिष्फोटन, चट्याङ्ग, भूईचालो

(२) आँधि-बेहरी

(३) बाढी तथा जलमग्न

(४) जमीन भासिने जस्ता कारण तथा पैह्रो

(५) हवाई जहाज वा अन्य वायवीय साधन वा सोबाट खसेको सामान

(६) सेंधमारी वा सोको प्रयास (लगातार ३० दिनभन्दा बढी घर निवासरहितको अवस्थामा बाहेक)

(७) सवारी साधन वा जनावरको कारणबाट हुने संघात।

विशेष अपवादः

देहायको अवस्थामा क्षतिपूर्ति दिइने छैनः

(क) जिम्मा जमानीमा राखिएका मालसामान

(ख) खास वस्तुको रूपमा बीमितले उद्घोषण गरी कम्पनीले यस बीमालेखको अनुसूचीमा उल्लेख गरेको अवस्थामा बाहेक मूल्यवान सामान जस्तै सुन, चाँदी तथा सोबाट निर्मित गहना, क्यूरियो, तस्बीर, कलात्मक वस्तु, टिकट संकलन, पदक, सिक्का, चेक, ड्राफ्ट, बैंक नोट (मुद्रा) आदि ।

**शर्तः**

१) **पूर्ण मूल्यः** मालसामानको बीमाङ्क रकम हानि-नोक्सानी भएको बेलामा सोधभर्ना गर्दा लाग्ने मूल्य बराबरको हुनुपर्छ ।

२) **मूल्य खुलाउनु पर्नेः** मालासामानको मूल्य खुलाएको छैन भने कुनै पनि वस्तुको क्षतिपूर्ति रकम रू. २,०००/- भन्दा बढी हुने छैन ।

३) **न्यून बीमाङ्क अनुच्छेदः** हानि-नोक्सानी भएको बेलामा यथार्थ मूल्यभन्दा बीमाङ्क घटी भएमा सोही अनुपातमा कट्टी गरी बाँकी हुन आउने रकम मात्र समानुपातिक रूपमा भुक्तानी दिइने छ ।

## खण्ड ३ – टेलिभिजन

**सुरक्षाः**

अनुसूचीमा उल्लिखित टेलिभिजनको पिक्चर ट्युब वा ऐना (स्क्रिन) प्रत्यक्ष वाह्य देखिने जोडदार माध्यमबाट घटेको दुर्घटनाको कारणबाट फुटी हानि-नोक्सानी भएमा कम्पनीले सोको क्षतिपूर्ति दिनेछ तर विद्युतीय वा यान्त्रिक गडबडीबाट बिग्रन गएको अवस्थामा भने कम्पनी उत्तरदायी हुने छैन ।

रंगीन टेलिभिजनको हकमा भुक्तानी दिइने रकम रू. १५,०००/- भन्दा बढी हुने छैन र श्याम-श्वेत टेलिभिजनको हकमा सो रकम रू. १५००/- भन्दा बढी हुने छैन ।

## खण्ड ४ – व्यक्तिगत दुर्घटना

**सुरक्षाः**

प्रत्यक्ष वाह्य देखिने जोडदार माध्यमबाट घटेको दुर्घटनाको कारणबाट बीमित वा बीमितको पत्नी वा पतिको मृत्यु भएमा वा निजलाई चोटपटक लागेमा कम्पनीले बीमित वा इच्छाएको व्यक्ति वा बीमितको पत्नी वा पति वा निजको कानूनी हकदारलाई देहाय बमोजिमको रकम भुक्तानी दिनेछ ।

| | |
|---|---|
| (क) मृत्यु | रू. ५०,०००/- |
| (ख) दुवै हात वा खुट्टा काटिई अलग भएमा | रू. ५०,०००/- |
| (ग) दुवै आँखाको दृश्यशक्तिको पूर्ण र अपूरणीय क्षति भएमा | रू. ५०,०००/- |
| (घ) एउटा हात वा खुट्टा काटिई अलग भएमा | रू. २५,०००/- |
| (ङ) एउटा आँखाको दृश्यशक्तिको पूर्ण र अपूरणीय क्षति भएमा | रू. २५,०००/- |

द्रष्टव्यः- माथि (ख) र (घ) को प्रयोजनको हकमा एक हात वा खुट्टा काटिई अलग (Physical Seperation) भएमा भन्नाले हातको हकमा नाडी वा सो भन्दा माथि र खुट्टाको हकमा गोली गाँठो (Ankle) वा सो भन्दा माथिको भाग काटिई अलग भएको सम्झनु पर्दछ ।

नोटः (१) उपरोक्त अनुसार पति पत्नी दुवैको एउटा घटना वा छुट्टाछुट्टै घटनाको कारणले कुनै एउटै बीमा अवधिभित्र दावी पर्न आएमा जम्मा दावी रकम रू. ७५,०००/- भन्दा बढी भुक्तानी गरिने छैन ।

(२) ७० वर्षभन्दा बढी र १६ वर्षभन्दा घटी उमेर भएकाको हकमा उपरोक्त सुविधा लागु हुने छैन ।

**विशेष अपवादः**

१) देहायको कारणबाट मृत्यु भएमा वा शारीरिक चोटपटक लागेमा कम्पनीको कुनै दायित्व हुने छैन ।

(क) लागु पदार्थ वा लागु औषधिको प्रभाव

(ख) मानसिक असन्तुलन भएको अवस्था

(ग) कुनै प्रकारको होड वा खतराजनक खेलकूद

२) बिरामी, आत्महत्या, स्वघात, कानून बिरोधी क्रियाकलाप वा अन्य व्यक्तिलाई बचाउन जोखिम उठाएकोमा बाहेक अनावश्यक खतरा मोल्ने शारीरिक कार्य ।

## सामान्य शर्त

(सबै खण्डहरूको लागि)

१) घटना घटेको मितिः

हानि-नोक्सानी वा दावी योग्य घटना बीमा अवधिभित्र घटेको हुनुपर्छ ।

२) बीमालेखको शर्तको पालनाः

दावी गर्ने व्यक्तिले बीमालेखको शर्त, सामान्य शर्त, अपवाद, विशेष अपवाद तथा बन्देजको पालना गर्नुपर्दछ ।

३) अन्य बीमाः

हानि-नोक्सानी भएको वा यस बीमालेख चालू अवस्थामा दावी पर्न सक्ने घटना घटेको बेलामा अर्को कम्पनीसंग पनि बीमा गरेको रहेछ र यो बीमा नगरेको भए उक्त कम्पनीले नै भुक्तानी दिनुपर्ने अवस्थामा समानुपातिक रकम मात्र भुक्तानी दिइनेछ।

४) हानि-नोक्सानी हुनबाट बचावटः

यस बीमालेख अन्तर्गत दावीको हकदार बीमित वा कुनै पनि व्यक्तिले बीमा गरिएको मालसामानको सुरक्षाको उचित उपाय अपनाउनु पर्नेछ र हानि-नोक्सानी तथा चोटपटकबाट बच्न सतर्कता अपनाउनु पर्नेछ।

बीमा गरिएका सबै सम्पत्ति आवश्यक मर्मत तथा सम्भार गरी राम्रो अवस्थामा राख्नु पर्नेछ।

५) दावी प्रक्रिया

(क) दावी हुन सक्ने कुनै पनि दुर्घटना, हानि-नोक्सानी बारेको जानकारी लिखित रूपमा कम्पनीलाई यथासम्भव चाँडो दिनु पर्नेछ।

(ख) नकवजनी वा सेंधमारीको कारणबाट हानि-नोक्सानी भएमा वा यस्तो परिस्थिति आइपरेमा सोको सूचना प्रहरी चौकीमा अविलम्ब दिनु पर्नेछ।

(ग) दुर्घटनाको कारणबाट दावी योग्य चोटपटक लागेमा दर्ता भएका योग्य चिकित्सकलाई जँचाउनु पर्नेछ। कम्पनीले अनुरोध गरेमा बीमितले आफ्नो खर्चमा चोटपटक तथा औषधोपचार बारेमा चिकित्सकको पूर्ण प्रतिवेदन पेश गर्नु पर्नेछ। कम्पनीले चाहेमा उसले भने बमोजिम अन्य विशेषज्ञसंग जाँचबुझ एवं उपचार गराउनु पर्नेछ। मृत्यु भएको खण्डमा कम्पनीको खर्चमा पोष्टमार्टम गराई सोको प्रतिवेदन पेश गर्नु पर्नेछ।

(घ) सम्बन्धित रीट वा अन्य कागजात पाउनासाथ अविलम्ब कम्पनी समक्ष पठाउनु पर्नेछ।

(ङ) बीमित वा क्षतिपूर्तिको दावीकर्ताले कम्पनीलाई सबै सूचना तथा सहयोग पुऱ्याउनु पर्नेछ।

(च) कुनै पनि सम्पत्ति कम्पनीको नाममा त्याग्न पाईदैन।

६) रसिद तथा मूल्यांकनः

हानि-नोक्सानी भएको बेला सबै वस्तुको मूल्य तथा निर्माण वर्षको उचित प्रमाण पेश गर्नु पर्नेछ।

७) कम्पनीको अधिकारः

कम्पनीले आफ्नो इच्छामा दावी निरोपण तथा प्रतिवाद सम्बन्धी जिम्मा लिन सक्नुको साथै कुनै पनि समय बीमित वा क्षतिपूर्तिको हकदारको नामबाट अर्को पक्षबाट क्षतिपूर्ति पुनः प्राप्तिको कारवाही चलाउन सक्नेछ।

८) पहिचान (स्पष्टीकरण)ः

अनुसूची, पछि-पछि थपिन सक्ने अनुसूची, खण्ड, सम्पुष्टि बीमालेखको एक अंगको रूपमा मानिने छन् तथा तिनमा उल्लेख गरिएका विशेष अर्थ लाग्ने शब्द वा विचार सबैमा लागू हुनेछ।

९) रद्द

(क) बीमकले बीमितको पछिल्लो ठेगानामा ७ दिने सूचना दिई यो बीमालेख कुनै पनि समय रद्द गर्न सक्नेछ र यसरी बीमालेख रद्द गर्दा बीमितलाई समानुपातिक दरमा बाँकी अवधिको बीमाशुल्क फिर्ता दिनु पर्नेछ।

(ख) बीमितको अनुरोधमा कुनै पनि समय यो बीमालेख रद्द गर्न सकिने छ। यस अवस्थामा बीमालेखको चालू अवधिभित्र कुनै दावी नपरेको भए बीमालेख कायम रहेको अवधिको लागि चलन अनुसार छोटो अवधिको दरले हुन आउने बीमाशुल्क रकम कट्टा गरी बाँकी बीमाशुल्क रकम फिर्ता गरिनेछ।

१०) विद्युत सम्बन्धी दफा :

कुनै पनि विद्युतीय संयन्त्र, उपकरण, जडान भएको सरसामान (विद्युतीय घरायसी सामान वा घरेलु सामग्री, वायरलेस सेट, कम्प्यूटर, टेलिभिजन, टेपरिकर्डर, रेडियो सहित) उच्च चापको बहाव, स्वजलन, सर्टसर्किटिंग वा विद्युतीय चुहावटको कारणबाट हुन गएको हानि-नोक्सानीको दायित्व कम्पनीले बहन गर्ने छैन। तर, खास प्रभावित विद्युतीय संयन्त्र, उपकरण, जडान भएको सामान, विद्युतीय जडानको अन्य भाग आदिको क्षति बाहेक अन्य संयन्त्र, उपकरण, जडित सामान वा विद्युतीय जडान भएको सामानमा आगलागीबाट क्षति भएमा सोको क्षतिपूर्ति बहन गर्न कम्पनी मंजूर गर्दछ।

११) कानूनी क्षेत्राधिकार :

यदि बीमालेख अन्तर्गत दावी सम्बन्धी कुनै विवाद परेमा त्यसको भुक्तानी र फछर्यौट तथा सो सम्बन्धी सबै क्रियाकलापहरू काठमाडौंमा नै हुनुपर्नेछ। र अन्य यस सम्बन्धी कानूनी प्रक्रिया प्रचलित बीमा ऐन वा मध्यस्थता ऐन अनुसार हुनेछ।

बीमालेखको हरेक खण्डको सो खण्डसंग सम्बन्धित शर्तहरू बीमालेखको सामान्य शर्तहरूको अभिन्न अंगको रूपमा रहनेछन्।

## सामान्य अपवाद

(सबै खण्डको लागि)

१) यस बीमालेखको अनुसूचीमा अन्यथा लेखिएकोमा बाहेक यस बीमालेखले निम्न लिखित जोखिमहरूलाई समावेश गर्दैनः

(क) हूलदंगा तथा हडताल,

(ख) द्वेशपूर्ण कार्य, र

(ग) विध्वंसात्मक गतिविधि तथा आतंकवाद

२) देहायको अवस्थामा कम्पनीको कुनै दायित्व हुने छैनः

(क) कुनै घटना घटेपछि सोको असर वा कारणबाट हुन जाने वा भएको हानि-नोक्सानी,

(ख) कुनै किसिमको कानूनी दायित्व,

(ग) निम्नलिखित प्रत्यक्ष वा अप्रत्यक्ष कारणबाट हुनगएको हानि-नोक्सानी, मृत्यु वा शारीरिक चोटपटकः

अ) आणविक विकीरण अथवा आणविक इन्धन वा आणविक इन्धनको ज्वलनपछि शेष बेकम्मा पदार्थबाट निस्कने रेडियो सक्रियताको संर्सगबाट,

आ) युद्ध, आक्रमण, विदेशी शत्रुको कारवाही वा कुनै युद्ध (युद्ध घोषणा होस् वा नहोस्), सैनिक विद्रोह, शक्ति अपहरण जस्ता कार्य, र

इ) "सोनिक वा सुपरसोनिक" गतिमा यात्रा गर्ने हवाई जहाज वा अन्य वायवीय साधनबाट उत्पन्न चाप लहर ।

३) निम्नलिखित कारणबाट भएको हानि-नोक्सानीप्रति कम्पनीको कुनै दायित्व हुने छैनः

(क) बीमित वा निजसंग स्थायी रूपमा बसोबास गर्ने पारिवारिक सदस्यबाट भएको चोरी वा सोको प्रयास वा नकवजनी सेंधमारी,

(ख) धोखापूर्ण उपायले सम्पत्ति हडप गर्ने व्यक्तिबाट भएको हानि-नोक्सानी,

(ग) चलनचल्तीबाट भएको क्षति, मेशीन तथा विद्युतीय गडबडी, टुटफुट, ऱ्हास, क्रमिक रूपले नाश हुँदै जाने, भित्री खराबी, शीत, वर्षा, तुषारो, वातावरणीय प्रभाव, कीरा तथा सफाई, नयाँ खडा गर्ने वा भत्काउने प्रक्रियाबाट ।

(घ) भंसार वा अधिकार प्राप्त कार्यालयबाट रोक्का भएको वा जफत भएको कारणबाट ।

४) भवन तथा सामान सम्बन्धी दावी अन्तर्गत पर्ने पहिलो रू. २००/- सम्मको खर्च बीमित स्वयंले व्यहोर्नु पर्नेछ ।